NEFIN

September 2020

नेपालका आदिवासी जनजातिमा

# कोरोना महामारीको असर

## कोभिड-१९ महामारीमा थारू प्रथाजनित संस्थाको भूमिका : एक रिपोर्ट

एकराज चौधरी



फोटो: एकराज चौधरी

**प्रथाजनित संस्थाको** माध्यमबाट थारू समाज सञ्चालित हुँदै आएको छ । यस संस्थाको माध्यमबाट सामूहिक, सार्वजनिक र साँस्कृतिक सबै कामहरू हुने गर्दछन् । सुखका बेलामा मात्रै होइन दुःखका बेलामा झन् थारू समुदायमा प्रथाजनित संस्थाको उपादेयता बढेको पाइन्छ । कोरोना महामारीमा थारू प्रथाजनित संस्थाले कस्तो भूमिका निर्वाह गरिरहेको छ त ? **एकराज चौधरी**को रिपोर्ट ।

कोरोना संक्रमणबारे गाउँलेलाई सचेत गराउन बर्दिया जिल्लाको बारबर्दिया ६ गुलरा गाउँका चौकीदार सुदेशीराम थारू, ६५, ले गाउँमा नियमित हाँक (ठूलो स्वरमा आवाज निकालेर गाउँलेहरूलाई सूचना गर्ने काम, जुन थारू समुदायमा चौकीदारले गर्ने गर्दछन्) लगाउने गरेका छन् । सुदेशीराम भन्छन्, ‘पहिला बरघरलाई वडा अध्यक्ष, सदस्यले भन्नुभएछ । त्यसपछि बरघरले मलाई भन्नुभयो । बरघरले भनेपछि मैले गाउँभरी हाँक लगाउने गरेको छु ।’ हाँक लगाउने तरिकाबारे उनी भन्छन्, ‘हाँक लगाउँदा खेरी एउटा लट्ठी काँधमा हाल्छु । अनि सबैले सुन्ने गरी ठूलो स्वरमा सूचना भन्दै गाउँभरी घुम्छु, यसरीः लौ सुन्नुस् है.....गाउँले दाजुभाइ तथा दिदी बैनीहरू देशमा कोरोना आएर लकडाउन छ । लकडाउनमा

**आफ्ना नागरिकहरूको आधारभूत आवश्यकताहरू जस्तै गाँस, बाँस, कपास, स्वास्थ्य, शिक्षा, सुरक्षा र रोजगारीको व्यवस्था मिलाउनु राज्यको दायित्व हो ।**

घरमै बस्नु होला, बाहिर जानै परे मास्क लगाउनु होला, बाहिरबाट आएपछि साबुन पानीले मिचिमिचि हात धुनु होला है । जसले यो सूचना मान्दैन उसलाई कारबाही हुन्छ है...।'

त्यसो त गाउँमा हुने हरेक साना ठूला जोग पर्व, बिहे भोज, मर्निकर्नि (मृत्यु संस्कार), अनि विकास निर्माणका कामका लागि हाँक लगाउनु उनको नियमित काम नै हो । उनी स्कुलको बैठक, बच्चाहरूको खोप, सामाजिक सुरक्षा भत्ता बुझ्न जाने सूचनादेखि विकास निर्माणसम्मको कामबारे सबैलाई सूचित गर्ने गर्छन् । सुदेशीराम थारू जस्तै पश्चिम नेपालका हरेकजसो थारू गाउँमा सूचना सम्प्रेषण गर्न चौकीदार नियुक्त गरिएका हुन्छन् । हरेक वर्ष माघमा हुने माघीडेवानी/खोज्नीबोझ्नी/बखेरी (थारू जातिले नयाँ वर्षको रूपमा माघ १ गतेलाई मानेपछि माघ २ गते गर्ने गाउँको सभा) ग्राम सभाबाट चौकीदारलगायत मटावाँ/बरघर/भलमन्सा (गाउँको प्रमुखलाई दाङमा मटावाँ, बाँके बर्दियामा बरघर र कैलाली कञ्चनपुरमा भलमन्सा भनिन्छ), लिखन्डार (लेखापढी गर्ने व्यक्ति), चिरक्या (ग्राम देवताको सेवा गर्ने, दैनिक पूजा गर्ने) अगह्वा (भौतिक विकास निर्माण गर्दा अगुवाइ गर्ने व्यक्ति) गुर्वा (गुर्बाबाका भक्त, गुण विद्यामा पारंगत), लोहार (फलामको काम गर्ने व्यक्ति) छानिन्छन् । यस प्रथाजनित संस्थाले विपद व्यवस्थापन, विकास निर्माण, सामाजिक न्यायदेखि साँस्कृतिक निरन्तरताको काम गरिरहेको छ । कोभिड-१९ महामारीमा आफूहरूको जिम्मेवारी थपिएको बताउनुहुन्छ बर्दियाको बारबर्दिया नगरपालिका ६ गुलरा गाउँका बरघर सजराम थारू । 'हामीले कोही बाहिरबाट आयो भने वडा अध्यक्ष, सदस्यहरूलाई तुरून्त खबर गर्छौं । हाम्रो गाउँमा क्वारेन्टिन बनाइएको छ । त्यसमा खाने बस्ने व्यवस्था मिलाउन सहयोग गरिरहेका छौं ।'

चौकीदारले काम गरेबापत् वार्षिक रूपमा टीहाई (काम गरेबापत् वार्षिक रूपमा गाउँभरीका मानिसहरूले उठाएर दिइने जिन्सी) पाउँछन् । तर आफूहरूले केही नपाए पनि काम गर्न पाएकोमा खुशी व्यक्त गर्छन् बरघर सहजराम । कोरोना संक्रमणलाई रोक्न बारबर्दिया नगरपालिकाले सबै बरघरहरूलाई निःशुल्क फोन गर्नका लागि सिमकार्ड उपलब्ध गराएको छ । निःशुल्क फोन गर्न पाएपछि बरघर सहजराम दंग छन् ।

बर्दिया जिल्लामा ५२ प्रतिशत थारू जातिको बसोबास रहेको छ । करिब साढे ५ सय बढी थारू गाउँहरू छन् । सबै थारू गाउँमा थारू प्रथाजनित संस्थाहरू क्रियाशील छन् । जिल्लाको सबैभन्दा बढी थारू जनसंख्या घनत्व भएको स्थानीय तह राजापुर नगरपालिका हो । यहाँका ७८.६२ प्रतिशत मानिसहरू थारू समुदायका छन् । स्थानीय पालिका प्रमुख र उपप्रमुख पनि थारू नै छन् ।

आफ्नो पालिकामा थारू प्रथाजनित संस्था र स्थानीय तहको सम्बन्ध नङ र मासु जस्तै रहेको बताउनु हुन्छ राजापुर नगर प्रमुख शिवप्रसाद चौधरी । लकडाउन निगरानी समूहको अध्यक्ष बरघरहरूलाई नै बनाएका छौं । गाउँको बरघर नै अध्यक्ष भएपछि गाउँमा नयाँ मान्छे को आयो? कहाँबाट आयो ? तुरून्त थाहा भई हाल्छ । त्यसैले यो काम निकै प्रभावकारी हुन गएको नगर प्रमुख चौधरीको कथन छ । गाउँगाउँमा क्वारेन्टिन स्थापना गरिएकोले क्वारेन्टिन व्यवस्थापनको पाटोमा गाउँका बरघरहरूको भूमिका अतुलनीय रहेको नगर प्रमुख चौधरीको दाबी छ ।

आफ्ना नागरिकहरूको आधारभूत आवश्यकताहरू जस्तै गाँस, बाँस, कपास, स्वास्थ्य, शिक्षा, सुरक्षा र रोजगारीको व्यवस्था मिलाउनु राज्यको दायित्व हो । तर विपद र महामारीका बेला सबैभन्दा पहिला आफ्नो सुरक्षाको प्रयास आफै गर्नु नागरिकहरूको कर्तव्य हुन आउँछ । आदिवासी थारूहरूको प्रथाजनित संस्थालाई राज्यले मान्यता दिएको होस् या नहोस् उनीहरू स्वःस्फूर्त रूपमा आ-आफ्नो गाउँको सुरक्षा गर्न लागिपरेका छन् । कोरोना महामारी संक्रमण रोकथाममा बर्दियाका बरघरहरूले असाध्यै राम्रो भूमिका निर्वाह गरिरहेको बताउनु हुन्छ बर्दियाका प्रमुख जिल्ला अधिकारी तथा विपद व्यवस्थापन समितिका संयोजक प्रेमलाल लामिछाने । खास गरेर बर्दियाको बारबर्दिया, राजापुर नगरपालिका र गेरुवा गाउँपालिकामा क्वारेन्टिन व्यवस्थापनमा बरघरहरूले राम्रो सहयोग गरिरहेको उहाँको अनुभव छ ।

विपद व्यवस्थापन र महामारीलाई थारूहरूले सदियौंदेखि स्वःव्यवस्थापनको अभ्यास गर्दै आएका छन् । बर्दिया बाँसगढी ४ लक्ष्मणपुरका बुझावन थारू, ८२, ले आफू सानो छँदाको महामारी व्यवस्थापनको अनुभव यसरी सुनाउनु हुन्छः 'म सानो हुँदा रानपरोसका गाउँमा हैजा आएको थियो । त्यसपछि आफ्नो गाउँमा हैजा आउन नदिन बरघरले गाउँमा जुटेहला



फोटोः एकराज चौधरी

बोलाए । हाम्रो गाउँ पस्ने सबै नाकाबाट कोही मानिस नछिरून् भनेर रातदिन पहरा बस्ने काम गरिन्थ्यो । पानीबाट हैजा सर्ने डरका कारण कुवालाई जालले छोपेर राखिएको तितो अनुभव छ । त्यतिबेला अस्पताल थिएन । गुरूवाको भर पर्नुपर्ने । तर गुरूवाहरूले झारफुकसँगै खरबुटी औषधी पनि दिन्थे । पूजा त बिरामी निको भएपछि मात्रै गरिन्थ्यो ।'

विगत सम्झँदै बुझावन बताउनु हुन्छ, 'शुरूमा गुरूवाले झारफुक गरेर अह्नौटी (बिरामी निको होस भनेर देउता वा भुतलाई तन्त्र मन्त्रद्वारा बन्धन गरिएको/भाकल) राख्छन् । त्यसपछि औषधी दिन्छन् । जब बिरामी ठीक हुन्छ, अनि मात्रै पूजा गरिन्छ ।

आजभोलिको जस्तो झारफुक र पूजा गर्ने गुरूवालाई ठूलो गुरूवा मानिदैनथ्यो त्यसबेलामा, विगत उप्काउनु हुन्छ बुझावन । तर त्यतिबेला अस्पताल नभएका कारण साह्रै दुःख हुन्थ्यो । कति मान्छे त ज्यान जोगाउनका लागि डेराडन्डी कसेर जंगलमा गएर बसेको पनि उहाँले अहिलेसम्म बिर्सन सक्नुभएको छैन ।

आदिवासी थारूहरूले औलो, बिफर, हैजा, कालाजार जस्ता महामारी र भयानक हिंस्रक जनावरहरूसँग पौठेजोरी खेल्दै यस क्षेत्रको घनघोर जंगललाई खेतीयोग्य बनाए । पुस्तौं पुस्तादेखि औलो लाग्दालाग्दै प्रकृतिले उनीहरूको रक्तकोषिका नै औलो नलाग्ने खालको बांगो सीक्कल सेल (सामान्य मानिसमा हुने गोलो रक्तकोषिका भन्दा फरक, हँसिया आकारको बांगो रक्तकोषिका, जुन रक्तकोषिका औलोग्रस्त क्षेत्रमा बसोबास गर्ने आदिवासी जनजातिमा मात्र पाइने गरेको) बनाइदियो, जसको असर अहिले पनि थारूहरूले भोगिरहेका छन् । यस्तो कठिन काल खण्डमा थारूहरूले धेरै दुःख कष्टहरू भोगे । जीवन जिउनका लागि प्रकृतिमैत्री ज्ञान, सीप पनि सिके । जीवन जिउने क्रममा भोगेका भोगाइहरू, सिकेका ज्ञान, सीप अहिले थारूहरूको संस्कृति बनेका छन् ।

त्यसैले आदिवासी संस्कृति प्रकृतिमैत्री हुन्छन् भन्ने कुरामा दुईमत छैन । अन्ततः प्रकृतिमैत्री संस्कृतिले मानव जीवनलाई मात्रै होइन, सारा जगत्लाई नै फाइदा पुग्दछ । त्यसैले राज्यले आदिवासीहरूको संस्कृतिलाई मान्यता दिन जरुरी छ । यसका लागि संविधानको धारा ५६.५ र स्थानीय सरकार संचालन ऐनको दफा ९९ तत्काल कार्यान्वयन गरिनुपर्छ । यी दफा र धाराहरू लागू गरिएमा आदिवासीहरूको प्रथाजनित संस्थाले मान्यता पाउन सहज हुनेछ र आदिवासीहरूसँग रहेका ज्ञान, सीप, कला, संस्कृति र विश्वासलाई तत्कालै राज्यले संरक्षण गर्ने नीति अवलम्बन गर्न जरुरी छ । ●

# कोभिड–१९ ले तेह्रथुमका आदिवासी महिलाहरूको आर्थिक अवस्थामा पारेको असर

■ टंकमाया लिम्बु



फोटोः टंकमाया लिम्बु

**हाल महामारीको** रूपमा फैलिएको कोभिड–१९ (कोरोना भाइरस) को संक्रमणको कारण नेपाललगायत समस्त विश्व जगत् नै आतंकित छ । अहिलेसम्मको संक्रमणको अवस्थालाई हेर्दा संक्रमण समुदायस्तरमा विस्तारै बढ्दै गएको देखिन्छ । कोभिड–१९ का कारण नेपाल सरकारले चैत्र १० गतेदेखि बन्दाबन्दी (लकडाउन) लागू गरेको थियो । असार १ गते पछि भने लकडाउन खुकुलो बनाइयो । यति हुँदाहुँदै पनि कोभिडको प्रकोप चाहिं विस्तारै बढ्दै गएको सरकारी तथ्याङ्कहरूले देखाइरहेको छ ।

नेपालको कूल जनसंख्याको ३७ प्रतिशत भन्दा बेसी हिस्सा आदिवासी जनजातिले ओगटेको छ । धेरैजसो आदिवासी जनजाति ग्रामीण क्षेत्रमा बसोबास गर्छन् । प्रदेश १ का तेह्रथुम जिल्लामा ४९ प्रतिशतभन्दा बढी जनसंख्या आदिवासी जनजातिको छ र त्यसमा पनि लिम्बु जनसंख्या ३४ प्रतिशत भन्दा बढी छ । तेह्रथुम जिल्लामा अधिकांश मानिसहरू निर्वाहमुखी कृषि व्यवसाय, साना व्यापार, परम्परागत सीपमा आधारित व्यवसायहरू जस्तै सुँगुर कुखुरा पालन, घरेलु जाँडरक्सी व्यापार, खेसुङ्ग मर्चा (जाँड बनाउने औषधी) व्यापार, तेह्रथुमे ढाका बुनाई, ढाकाको झोला सिलाई, तरकारी बेचबिखन, ज्याला मजदुरी, वैदेशिक रोजगारी र सरकारी तथा गैरसरकारी क्षेत्रबाट आयआर्जन गरी आफ्नो जीविकोपार्जन गरिरहेको देखिन्छ ।

आदिवासी जनजातिहरूमा विशेष गरेर सामूहिक रूपमा पारिवारिक आयआर्जन गरेर जीविकोपार्जन गर्ने चलन छ । यहाँका आदिवासी जनजाति महिलाहरूले परम्परागत सीपमा आधारित व्यवसायहरू गर्ने गर्दछन् । विशेषगरी आदिवासी लिम्वु महिलाहरूमाथि कोभिडको आर्थिक प्रभाव निम्न क्षेत्रहरूमा निम्न किसिमको रहेको छ ।

१) **कृषि**

निषेधाज्ञा र बन्दाबन्दीको कारण वर्षौंदेखि बाँझो रहेका खेतबारीहरूमा खेती भएको छ । अघिल्ला वर्षहरूमा कामदार नपाउने समस्या हुँदै आएकोमा बन्दाबन्दीका कारण परिवार सदस्यहरू घरमै बस्नुपर्दा यस वर्ष स्थिति सहज भएको हो । उत्पादनको हिसाबले पनि त्यति नराम्रो अवस्था छैन । परिवारका पुरुष सदस्यहरू अन्य व्यवसायमा संलग्न हुँदा महिलाहरू घरमा एक्लै खेतिपाती गर्नुपर्ने भएकोले उनीहरूलाई निकै गाह्रो हुने गरेको थियो । तर यस वर्ष भने सपरिवार घरै हुँदा सहज भएको स्थानीय महिलाहरू बताउँछन् ।

२) **सुँगुर तथा कुखुरापालन**

यहाँका आदिवासी लिम्बु महिलाहरूले कम्तिमा एउटा सुँगुर, बाख्रा, कुखुरा पाली घरको आयआर्जनमा योगदान पुऱ्याएका छन् । विषेश गरेर सुँगुर पाल्दा एउटा माउ र एउटा बच्चा मासुको लागि पाल्ने चलन छ । तर यसपटक कोभिडको कारणले यस्ता हटियाहरू नै बन्द भए भने मासुको उद्देश्यले पालिएका बंगुर पनि ग्राहकले घरैमा आएर किनि लगेता पनि



फोटोः टंकमाया लिम्बु

सस्तोमा बिक्री गर्नु परेको र होटल व्यवसाय ठप्प हुँदा मासुको माग कम भएको अवस्था छ । कुखुरा र खसी बिक्रीको अवस्था पनि त्यस्तै छ । यसरी घरायसी उत्पादन र पशुपालनबाट हुने आयआर्जनमा भने नकारात्मक असर पर्न गई महिलाहरूको पहुँचमा भएको आम्दानीमा प्रभाव परेको देखिन्छ ।

३) **खेसुङ्ग (मर्चा) व्यापार**

यहाँका लिम्बु आदिवासी महिलाहरूले परम्परागत रूपमा नै खेसुङ्ग (मर्चा) स्थानीय ९ प्रकारका जडीबुटी र चामलको पिठोबाट बनाउने गर्दछन् । यसबाट नै सम्पूर्ण जाँडका परिकारहरू आदिवासीहरूले बनाउने गर्दछन् । बन्दाबन्दीले एकातिर मर्चामा लगाउने लेकाली औषधी हटिया नलागेपछि पाउन गाह्रो भएको छ भने बनाएको मर्चाले समेत बेच्ने बजार पाएको छैन । हरेक हप्ता एक हजार रूपैंयासम्मको मर्चा र अरू तरकारी समेत बिक्री गर्ने गरिएकोमा यसपटकको बन्दाबन्दीले हटिया नलाग्ने, घरै बस्नुपर्ने भएकोले असहज भएको मर्चा व्यापारीहरू बताउँछन् ।

४) **ढाका तथा ढाकाजन्य व्यवसाय**

तेह्रथुमे ढाका निकै प्रचलित लिम्बु महिलाहरूको परम्परागत सीपबाट निर्माण हुने कपडा हो । यो कपडा बुनाई व्यवसायले तेह्रथुममा लगभग १५ हजारले जीविकोपार्जन गर्दै आएको अनुमान गरिन्छ । यसमध्ये ९५ प्रतिशत महिलाहरू छन् भने त्यसमा पनि अधिकांश आदिवासी लिम्वु महिलाहरू छन् । यो स्थानीय तथा राष्ट्रिय स्तरमा एवं अन्तर्राष्ट्रिय स्तरमा (बेलायत, अमेरिका, अष्ट्रेलिया, हङ्कङ्ग आदिमा देशहरूमा) समेत प्रशस्त निकासी हुने गर्दछ । कच्चापदार्थ पनि धरान, विराटनगर र काठमाडौंबाट आपूर्ति हुने गरेको छ । कोभिडको कारणले भएको बन्दाबन्दीले तयारी सामान निर्यात र कच्चापदार्थ पर्याप्त मात्रामा आपूर्ति हुनसकेको छैन । सीमित कच्चा पदार्थबाट घरमै बसी तयार पारिएको कपडा समेत स्थानीय संकलकहरूमा बिक्री नहुने र बिक्री भएपनि अति सस्तोमा बेच्नुपर्ने अवस्था आएको कपडा बुन्नेहरू बताउँछन् । स्थानीय ढाका कपडाबाट तयारी झोला तयार गर्ने व्यापारिका भन्छन्, "पहिले महिनाको रू. ६० हजारको कपडा खपत हुने गर्दथ्यो, तर अहिले घरैबाट स्थानीय बजारमा बेच्दा रू. २० हजार जतिको तयारी समान बिक्री हुने गरेको छ ।"

५) **घरेलु रक्सी/तोङ्वा व्यापार**

बजार क्षेत्र र ग्रामीण क्षेत्रमा पनि घरेलु कोदोको रक्सी र जाँडको तोङ्वा बेचेर मनग्यै आयआर्जन गर्ने गर्छन् यहाँका महिलाहरू । ग्रामीण महिलाहरूले घरमा तयार गर्ने र बजारको साना होटलहरूमा आपूर्ति गर्ने गर्दछन् । तर अहिले स्थानीय बन्दाबन्दीले सबै व्यवसायहरू बन्द भएकोले गाउँमा बनाइएका उत्पादनले बजार पाएको छैन । यसबाट पनि आदिवासी लिम्वु महिलाहरूको प्रत्यक्ष आम्दानीमा नकारात्मक असर पुगेको छ ।

६) **वैदेशिक रोजगारी**

प्रत्यक्ष रूपमा वैदेशिक रोजगारीमा कम महिलाहरू भएपनि अधिकांश पुरुषहरू वैदेशिक रोजगारीमा गई परिवार धानेका छन् । कोभिड विश्व महामारीको कारणले वैदेशिक रोजगारी गुमेको, काम नगरी बस्नु परेकोले गर्दा घरमा खर्च पठाउन गाह्रो भएको छ ।

७) **तरकारी तथा फलफूल वेचविखन**

यहाँका लिम्बु महिलाहरूले आफूले उत्पादन गरेको तरकारी तथा मौसमी फलफूलहरू बेचबिखन गरी आयआर्जन गर्ने गरेका छन् । आजकल अकवरे खुर्सानी, फर्सी/स्कुसको मुन्टा, नासपाती, आरू, एभोकाडों, तितेकरेला, काँक्राको सिजन हो । तर बन्दाबन्दीका कारण साप्ताहिक हटिया/पाक्षिक हटियाहरू बन्द भएका छन् । बजारका पसलहरू, होटलहरू बन्द हुनुका साथै खुले पनि सीमित समय बिहान २ घण्टा मात्र अति आवश्यक सामग्री खरिद गर्न मात्र खुल्ने हुनाले गाउँबाट सामान बेच्न आउन समेत गाह्रो हुने गरेको छ । ठूला व्यवसायीहरूले गाडीमा सामान ल्याएर बेच्ने गरे पनि साना व्यापारीहरूलाई भने असहज भएको उनीहरू बताउँछन् ।

यसरी हेर्दा कोरोना महामारीको कारणले ग्रामीण क्षेत्रदेखि शहरी क्षेत्र, सबै लिङ्ग, जाति र वर्गलाई प्रभाव पारेको छ । तर अझ बढी हुँदाखाने, साना व्यवसायी र आधारभूत तहमा जीविकोपार्जन गर्ने, आफ्नो परम्परागत हिसाबले प्रकृतिसँग नजिक रहेर जिविकोपार्जन गर्ने आदिवासी महिलाहरूलाई समग्रमा आर्थिक रूपले नकारात्मक असर गरेको देखिन्छ । ●

(लेखक किराँत याक्थुङ्ग चुम्लुङ्ग, लिम्वुवान प्रदेश समिति, तेह्रथुमका उपाध्यक्ष हुनुहुन्छ ।)

# कोभिड-१९ को असरको अग्रपंक्तिमा आदिवासीहरू

■ सुकबीर थामी



फोटोः टुङ्ग भद्र राई

**महामारीको रूपमा** फैलिरहेको कोभिड-१९ बाट आज समस्त विश्व जगत नै आक्रान्त छ। त्यसमा पनि आदिवासी जनजाति यस महाव्याधीको मारको अग्रभागमा रहेका छन् । र, यसको असर आदिवासी समुदायमा लामो समयसम्म भविष्यमा रहिरहने देखिन्छ।

अन्तर्राष्ट्रिय समाचार संस्था बीबीसी ब्राजिलका एक रिर्पोटर जुअ फेलेटका अनुसार त्यस देशको अमेजन क्षेत्रमा सामूहिक रूपमा बसोबास गर्दै आएका आदिवासी समुदायहरू कोरोना भाइरसका कारण अत्यन्तै नाजुक अवस्थामा रहेका छन् । यदि यी समुदायहरूमा यो रोग अनियन्त्रित रूपमा फैलियो भने त्यहाँका सबै पाका मानिसहरूको ज्यान जान सक्छ । र, यदि त्यसो भयो भने उनीहरूसँगै त्यस क्षेत्रका आदिवासीहरूमा निहित परम्परागत ज्ञान, सीप र संस्थाहरूको नाश हुनेछ भनिएको छ । संसारभरि नै पृथक जीवनशैली भएका आदिवासी समुदायहरूमा कोभिड–१९ को कारण पोषणयुक्त खानाको कमी, स्वास्थ्य सेवामा पहुँचको अभाव, शुद्ध पिउने पानीको समस्या जस्ता असरहरू पर्न जाने निश्चित छ।

नेपालको जम्मा जनसंख्याको ३५ प्रतिशत भन्दा बढी हिस्सा ओगटेका आदिवासी जनजातिहरूमा कोभिड-१९ को असर अरू जाति, वर्ग, समुदायहरूमा भन्दा बढी परेको छ र त्यो असर पछिसम्म पनि रहिरहनेछ। यस लेखमा कोभिड-१९ को कारण नेपालका आदिवासीहरूलाई विविध क्षेत्रमा पर्नसक्ने नकारात्मक असरहरूको बारेमा संक्षिप्तमा वर्णन गर्ने प्रयास गरिएको छ।

**वैदेशिक रोजगारी पनि नेपालका आदिवासीहरूको लागि जीवन गुजारा गर्ने एक प्रमुख माध्यम हो तर विश्वभर नै जारी महामारीको कारण विदेशिएका परिवार सदस्यहरूले घरमा खर्च पठाउन पाएको छैनन्, घर आउन चाहनेहरू सबै घर आउन पाएका छैनन् ।**

**क) सामाजिक क्षेत्रमा प्रभाव**

कोभिड-१९ को कारण हामी सबैले सामाजिक दुरी कायम राखिराख्नुपर्ने बाध्यता छ। सामूहिकतामा रमाउने तथा सामूहिक भावना भएका हामी आदिवासी जनजातिहरू एक अर्कासँग टाढा रहिरहनु परेकोले एकखाले मनोवैज्ञानिक चिन्ता, नैराश्य भोगिरहेको छौं र यो क्रम महामारीको प्रभाव कम नभइन्जेलसम्म कायम रहने देखिन्छ। यसबाट हाम्रो दैनिक जीवनशैली, पद्धति, व्यवहारमा प्रत्यक्ष असर पर्ने देखिन्छ। यसका साथै आर्थिक प्रभावका कारण बालश्रम, बाल विवाह र गरिबीमा बृद्धि हुने तथा आयस्रोतमा गिरावट आउने आदि देखिन्छ।

**ख) साँस्कृतिक क्षेत्रमा प्रभाव**

विविधतायुक्त देश नेपालको पहिचान दिलाउनका लागि महत्वपूर्ण भूमिका खेल्ने नेपालका आदिवासीहरूका आ-आफ्नै खाले पृथक पहिचान, भाषा, संस्कृति, परम्परा, भेषभूषा, कला र सीप छ। यति मात्रै नभएर यहाँका आदिवासीहरूको आ-आफ्नै खाले प्रथाजनित संस्था तथा जीवनपद्धति, पृथक खालका रीतिरिवाज र जीवनशैली छन्। नेपालमा पछिल्लो राजनीतिक परिवर्तनपश्चात् यहाँका आदिवासी जनजातिहरूले

**केही सीमित हुने खानेहरूले राम्रो विद्यालयमा आफ्ना सन्तानहरूलाई अध्ययन गराइरहेको भएतापनि अधिकांश आदिवासी परिवारहरूका बालबालिकाहरू घरायसी काम गर्दै गाउँबस्तीकै साधारण सरकारी विद्यालयहरूमा अध्ययन गर्दछन्।**

आ–आफ्नो मौलिक तथा पृथक धर्म, संस्कार, सीप, कला, परम्परा, भाषा, साहित्य, इतिहास आदिलाई स्वतन्त्रपूर्वक संरक्षण, विकास र प्रबर्द्धन गर्नसक्ने वातावरणको विकास भयो। तर यस महामारीको कारण कला–संस्कृतिका धनी आदिवासी समुदायहरूले आफ्ना कतिपय सांस्कृतिक क्रियाकलापहरूलाई निरन्तरता दिन नसक्ने अवस्था सृजना भएको छ। इलाम जिल्लाका नेपाल थामी समाजका वर्तमान अध्यक्ष कमल थामी भन्नुहुन्छ, "जिल्लामा एक दशक अघिदेखि मात्रै शुरू भएको समुदायको मौलिक चाड भूम्या पूजा यस वर्ष गत वर्षहरूमा भैं सबैजना भेला भएर हर्षोल्लासपूर्ण तवरबाट मनाउन नपाउँदा जिल्लावासी हामी सबै समुदायले खल्लो महशुस गरेका छौं।"

**ग) शैक्षिक क्षेत्रमा पारेको प्रभावहरू**

नेपालका आदिवासीहरू राजनीतिक हिसाबमा राज्यको मूलधारबाट बाहिर रहेका कारण अधिकांश आदिवासी जनसंख्या आर्थिक रूपले सबल छैनन्। केही सीमित हुने खानेहरूले राम्रो विद्यालयमा आफ्ना सन्तानहरूलाई अध्ययन गराइरहेको भएतापनि अधिकांश आदिवासी परिवारहरूका बालबालिकाहरू घरायसी काम गर्दै गाउँबस्तीकै साधारण सरकारी विद्यालयहरूमा अध्ययन गर्दछन्। हाल विद्यालयहरू बन्द भएको अवस्थामा विशेषगरी शहरी क्षेत्रका निजी विद्यालयहरूमा अनलाइन माध्यमबाट कक्षाहरू सञ्चालन गर्ने परिपाटी मौलाउँदो भए पनि इन्टरनेटको पहुँच नभएका गाउँघरका स्कूलमा पढ्ने आदिवासी बालबालिकाहरू शिक्षाको अवसरदेखि बञ्चित छन्।

एक हिसाबबाट हेर्ने हो भने उनीहरूले अध्ययन संस्कार नै बिर्सन लागिसकेको अवस्था छ। अहिलेको अवस्था सामान्य भएपश्चात् पनि पुनः विद्यालयमा आउनका लागि उनीहरूलाई गाह्रो हुनेछ। देशको सम्पूर्ण अर्थतन्त्र कमजोर हुने भएको र त्यसको बढी मार गरिब सर्वसाधारणहरूमै पर्ने निश्चित भएको कारण गरिब अभिभावकहरूले घरायसी कामकाजमा साथ सहयोग हुनेछ भन्ने हेतुले आफ्ना बालबालिकाहरूलाई पुनः विद्यालय पठाउने संभावना न्यून छ। यसर्थ विद्यालय छाड्ने बालबालिकाहरूको दर बढ्ने निश्चितप्रायः छ र विद्यालय छाड्नेहरूमध्ये अधिकांश बालबालिकाहरू आदिवासी समुदायकै हुनेछन्।

**घ) राजनीतिक क्षेत्रमा पारेका प्रभावहरू**

नेपालमा लकडाउनको अवधिमा आदिवासीविरुद्ध राज्यसत्ताद्वारा विभिन्न बहानामा कुटपिट गर्ने, धरपकड गर्ने, घरबस्ती जलाउने जस्ता घटनाहरू पनि भए।

थारू कल्याणकारिणी सभाका कार्यबाहक सभापति प्रेमीलाल थारूका अनुसार राज्यले आवश्यक प्रक्रिया नै नपुऱ्याई एउटै थारू समुदायलाई थारू र राना थारू गरी दुई आदिवासी समुदायमा विभाजन गर्दै राजपत्रमा सूचना प्रकाशन गऱ्यो र यसले थारू समुदायमा आपसी मतभिन्नता सिर्जना गराउने काम गरेको छ। यता चितवनको सुकुम्बासी चेपाङ बस्तीमा हात्तीसहित सरकारी अधिकारीहरू प्रवेश गरी घरगोठमा आगो लगाउने कार्य भएको छ भने एक चेपाङ युवा राजकुमार चेपाङको सेनाको यातना र कुटपिटबाट मृत्यु समेत भएको घटना बाहिर आएको छ। नेपाल चेपाङ संघ जिल्ला कार्यसमिति चितवनका अध्यक्ष भीमबहादुर प्रजा चेपाङ महामारी र वर्षायामको बेलामा राज्यबाट भएका यस्ता गतिविधिहरू अत्यन्तै खेदजनक, आपराधिक र निरंकुश भएको बताउनुहुन्छ। त्यस्तै लकडाउन चलिरहँदा काठमाडौं, खोकनाका नेवार समुदायले आफ्नो भूमि तथा साँस्कृतिक अधिकारका लागि आवाज उठाउँदा उनीहरूमाथि बर्बर दमन गर्ने काम भएको छ।

**ङ) आर्थिक क्षेत्रमा पारेका प्रभावहरू**

अधिकांश साना तथा घरेलु उद्योगहरूका सञ्चालक आदिवासी जनजातिहरू यतिखेर सबैभन्दा बढी आर्थिक संकट भोग्न बाध्य छन्। व्यवसाय सञ्चालनार्थ वित्तीय संस्थाहरूबाट लिएको ऋण र त्यसको व्याजको चिन्ता एकातिर छ भने अर्कोतिर आफ्नो परिवार धान्नका लागि सञ्चालनमा रहेको यसखाले व्यवसायहरू ठप्प हुँदा धेरैलाई खान, बस्न नै संकट हुने अवस्था आइसकेको छ। वैदेशिक रोजगारी पनि नेपालका आदिवासीहरूको लागि जीवन गुजारा गर्ने एक प्रमुख माध्यम हो तर विश्वभर नै जारी महामारीको कारण विदेशिएका परिवार सदस्यहरूले घरमा खर्च पठाउन पाएको छैनन्, घर आउन चाहनेहरू सबै घर आउन पाएका छैनन्। होमस्टे सञ्चालन जस्ता पर्यटन व्यवसायमा पनि अधिकांश आदिवासीहरू नै संलग्न छन्। महामारी र लकडाउनको कारण होमस्टे व्यवसाय ठप्प भएको र कहिलेबाट स्थिति सामान्य हुन्छ भनेर कुरेर बस्न बाध्य हुनुपरेको उनीहरू बताउँछन्।

अन्त्यमा, यस महामारीबाट नेपालका आदिवासीहरूले हालसम्म धेरै नै संकट तथा नकारात्मक असरहरू खेपिसकेका छन् र अबको दिनहरूमा पनि यसखाले असरहरू खेप्न बाध्य हुनेछन् र यसका लागि अहिलेबाटै तयारी थाल्नु पर्नेछ। हामी आदिवासी जनजातिमा निहित सामूहिक भावना, सहकार्य र सहकारिताको संस्कारको माध्यमबाट यसखाले विषम परिस्थितिबाट पार पाउन केही सहज हुनेछ। हाम्रो पूर्खाहरूले हामीलाई हस्तान्तरण गरेका असल अभ्यासहरू, परम्परागत ज्ञान, सीप र कलालाई उच्चतम प्रयोग वा उपयोग गर्न जरूरी छ। साथै, यस घडीमा राज्यले तथा सम्बन्धित सरकारी निकायहरूले पनि महामारीको कारण सबैभन्दा बढी संकट खेप्ने समुदायहरू, गरीब, श्रमजीवि र पहुँचबाट बाहिर रहेका नागरिकहरूका लागि विशेष कार्यक्रमहरू ल्याउन आवश्यक छ। ●

# मुस्ताङमा महामारीविरुद्ध जुध्दै
# मुखिया प्रथा

■ सन्जोग थकाली



फोटोः सन्जोग थकाली

**छिमेकी राष्ट्र** चीनको वुहान सहरबाट शुरू भएको कोभिड-१९ हाल संसारभर महामारीको रूपमा फैलिरहेको छ । विगतमा स्प्यानिश फ्ल्यु, एसियन फ्ल्यु, सार्स जस्ता महामारीले बेला बेलामा विश्वलाई आतङ्कित बनाइसकेको छ। यी महामारीहरूले विभिन्न विश्वभरी करोडौं व्यक्तिहरूको ज्यान लिइसकेको छ । वर्तमान अवस्थामा कोरोना भाइरस नियन्त्रण गर्न अमेरिका, बेलायत, स्पेन जस्ता विकसित राष्ट्रहरूलाई पनि हम्मेहम्मे परेको छ।

हाल नेपाल पनि यो महामारीबाट अछुतो रहन सकेको छैन। यो महामारी रोकथामको एक प्रभावकारी उपाय बन्दाबन्दी (लकडाउन) भएता पनि सो उपाय अपनाउँदा जनजीविकामा प्रत्यक्ष नकारात्मक असर पर्ने अनुभव सर्बत्र छ । विशेषगरी, दैनिक ज्याला मजदुरी गर्ने श्रमिक तथा निम्न वर्गीय जनतालाई बन्दाबन्दीको असर ज्यादा पर्दछ। कोरोना छल्न राजधानी तथा अन्य सहरहरूबाट हजारौं मानिसहरू आफ्नो गाउँ घरतिर फर्कने क्रम देखिए पनि त्यसले गाउँलेहरूका लागि भने संक्रमणको जोखिम बढाई चुनौती र त्रासको वातावरण सृजना गरेको छ।

यस्तो जोखिमको रोकथाम तथा नियन्त्रणका लागि संघ, प्रदेश र स्थानीय सरकारहरूले आ-आफ्नो नीति नियमहरू कार्यान्वयन गर्दै आएका छन्। यस सन्दर्भमा मुस्ताङ जिल्लाका अधिकांश क्षेत्रहरूमा सरकारका नीतिभन्दा गाँउको नीति बढी प्रभावकारी रहने गरेको छ । करिब १०० वटा गाउँहरू भएको यस जिल्लामा प्रत्येक गाउँमा मुखिया प्रथा प्रचलनमा छ । गाउँमा केही आपत्विपत् आइपरे मुखियाको अगुवाइमा सबै स्थानीय मिलेर समाधान निकालिन्छ भने कसैले गाउँको नियम विपरित कार्य गरेमा मुखियाद्वारा तोकेको दण्ड-जरिवाना तिराइन्छ। त्यसैगरी विगतका दिनहरू नियाल्दा कोभिड-१९ जस्तै महामारीहरूले मुस्ताङ जिल्लालाई बेलाबखत दुःख दिएको तथ्यहरू प्रशस्तै इतिहासमा पाइन्छ। मुख्यतया आदिवासी जनजातिको बसोबास रहेको यो क्षेत्रमा

यस्तो जोखिमको रोकथाम तथा नियन्त्रणको लागि संघ, प्रदेश र स्थानीय सरकारहरूले आ-आफ्नो नीति नियमहरू कार्यान्वयन गर्दै आएका छन् । यस सन्दर्भमा मुस्ताङ जिल्लाका अधिकांश क्षेत्रहरूमा सरकारका नीतिभन्दा गाउँको नीति बढी प्रभावकारी रहने गरेको छ । करिब १०० वटा गाउँहरू भएको यस जिल्लामा प्रत्येक गाउँमा मुखिया प्रथा प्रचलनमा छ ।

कुनै पनि महामारीको प्रकोपहरू नभित्रियोस् भन्ने धार्मिक आस्थाका कारणले सदियौंदेखि देवीदेवता र प्रकृतिलाई पूजा गर्ने प्रचलन चल्दै आएको छ।

आजको दिनसम्म मुस्ताङ जिल्लामा कोभिड-१९ को संक्रमण नदेखिएता पनि यस क्षेत्रमा पहिले कोरीया रोग (कुष्ट रोग), बिफर (चिकन पक्स) जस्ता रोगले आतङ्क मच्चाएको थियो। उहिले घरपफोङ्ग राज्य (घरपफोङ्ग गाउँपालिकाको क्षेत्र) हुँदाको समयमा कोरीया रोगको संक्रमण बढेपछि त्यस समयमा यो रोगको कुनै उपचार नभएको र एक अर्कामा सर्न सक्ने प्रबल सम्भावना भएको कारणले घरपफोङ्गका राजाको निर्देशनमा गाउँका मुखियाहरूले कोरीया रोगग्रस्त मानिसहरूलाई गाउँको सीमा कटाई अन्यत्र राखेका थिए, जुन स्थानहरू हाल गाउँको रूपमा परिणत भएको छ। त्यस्तै बिफरका बिरामीहरूलाई क्वारेन्टीनमा जस्तै गाउँको बस्ती भन्दा टाढा छुट्टै टहरा बनाई निको नहुञ्जेल बस्नुपर्ने नियम बनाइएको थियो। यदि कसैले नियम उल्लङ्घन गरे गाउँको नियमअनुसार दण्ड सजाय भोग्नु पर्दथ्यो।

वर्तमान अवस्थामा नेपालका थुप्रै जिल्लाहरूमा कोरोना भाइरसको संक्रमण देखिएसँगै मुस्ताङ जिल्लाका स्थानीय प्रतिनिधिहरू, मुखियाहरू तथा जनता एकजुट भई यस भाइरसको संक्रमणलाई नियन्त्रण गर्न लागिपरेका छन्। कोरोना भाइरसको सम्भावित जोखिम नियन्त्रणका लागि मुलुकभरी नै ३ महिनाको लागि लकडाउनको घोषणा गरिएको थियो। लकडाउनको समयमा व्यापारका लागि पोखरा, काठमाडौंलगायत अन्य सहरहरूमा फसेका करिब १,००० मुस्ताङेहरूलाई स्थानीय सरकारको पहलमा उद्दार गरिएको थियो। यसरी अन्य जिल्लाबाट गाउँ फर्काउँदा उनीहरूमा संक्रमणको जोखिम हुनसक्ने भएकोले गाउँपालिकामा भित्रिएका सबै जनालाई २ साताको होम क्वारेन्टीनको र नियमित स्वास्थ्य परीक्षणको व्यवस्था गरिएको थियो। होम क्वारेन्टीनमा बस्ने, अति आवश्यक काम बाहेक स्थानीयहरू एक गाउँदेखि अर्कोमा जान नपाउने नियम उल्लङ्घन गरे गाउँका मुखियाले जरिवानाको व्यवस्था गरेका छन्।

मुस्ताङ जिल्लाका बासिन्दाहरूले कोभिड-१९ जस्तै अन्य थुप्रै महामारीहरू विगतमा सफल तरिकाले नियन्त्रण गरेको इतिहास पाइन्छ। त्यस्तै, हाल कोरोना भाइरसको संक्रमणलाई न्यून पार्न सबै प्रतिनिधि, स्थानीय सरकार, गाउँ मुखिया र स्थानीयवासीहरू लागिपरेका छन्। कोरोना भाइरसको संक्रमणबाट समाजलाई मुक्त गर्न र जनजीविकासँग सम्बन्धित आर्थिक कारोबारलाई पनि कायम राख्न नेपाल सरकारले विज्ञहरूसँग छलफल गरी उचित योजनाको विकास गर्नु अहिलेको आवश्यकता हो।

**मुस्ताङ जिल्लाका बासिन्दाहरूले कोभिड-१९ जस्तै अन्य थुप्रै महामारीहरू विगतमा सफल तरिकाले नियन्त्रण गरेको इतिहास पाइन्छ। त्यस्तै, हाल कोरोना भाइरसको संक्रमणलाई न्यून पार्न सबै प्रतिनिधि, स्थानीय सरकार, गाउँ मुखिया र स्थानीयवासीहरू लागि परेका छन्।**



फोटोः सन्जोग थकाली

# कोभिड-१९ को असर अल्पसंख्यक
# मुगालीहरूमा व्यापक

■ पेमा मुगाली



फोटोः जिग्मे मुगुम

**नेपालको कर्णाली** प्रदेशको मुगु जिल्लामा अवस्थित मुगुम कार्मारोङ गाउँपालिकाका मूलबासी हुन् मुगाली (मुगुम) आदिवासी जनजाति। उनीहरूको आफ्नो छुट्टै भाषा, भेषभूषा र सँस्कृति छ। देशभित्र र बाहिर गरी ४,००० भन्दा कम जनसंख्या भएको मुगुमहरू मुख्यगरी जुम्ला, काठमाडौं र भारततिर विस्थापित हुँदै आएका छन्। आफ्नै गाउँमा पाइने जडीबुटी जस्तै यार्सागुम्बा, कटुको, बुल्दे आदिको संकलन र बेचबिखन मुगुमहरूको आयआर्जनको एक प्रमुख स्रोत रहिआएको छ। जेठ महिनामा हिउँ पग्लँदै गर्दा लेकतिर गई जडीबुटी संकलन गर्ने कार्य शुरू हुन्छ। संकलन गर्ने समय झन्डै १ देखि २ महिना लामो हुन्छ भने त्यसपछि किनबेच शुरू हुन्छ। यो समय मुगुम जातिको लागि ज्यादै महत्वपूर्ण हुन्छ किनभने यहि ३-४ महिनाको अवधिमा हुने आयले उनीहरूले वर्ष धान्ने गर्दछन्।

तर यसपाली कोभिड-१९ र लकडाउनको कारण जडीबुटी संकलन कार्य प्रभावित बन्यो। जडीबुटी खोज्न जान खोज्दा सुरक्षाकर्मीले लकडाउनको पालना नगरेको भन्दै मानिसहरूलाई क्वारेन्टिनमा राखिदिएको अवस्था छ।

आदिवासी जनजातिको जल, जमिन र जंगलसँग अन्योन्याश्रित सम्बन्ध रहेको छ। प्रकृतिसँगको समीपमा रहेर वातावरण संरक्षण गर्ने मुगुम आदिवासी जनजातिको आफ्नै परम्परागत पद्धति छ। मुगुम जातिले वन क्षेत्रलगायत प्राकृतिक स्रोत साधनहरूको दीगो उपभोग गर्ने मात्र होइन पुर्खाको पालादेखि त्यस्ता स्रोत साधनहरूको संरक्षण गर्नमा पनि उत्तिकै महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन्। पुर्खाको पालादेखि भोगचलन गर्दै आएको आफ्नो थातथलो अधिनस्थ भूमि, वनजंगल, खनिज र अन्य स्रोत साधनहरूको व्यवस्थापन, संरक्षण र विकासका निम्ति हरेक वर्ष नयाँ वर्षको आरम्भ भएपछि मुगुम युवाहरू वनजंगलमा जडीबुटीहरू के-कस्तो छन् ती क्षेत्रहरूको निरीक्षण तथा परीक्षण गर्दछन्।

हरेक वर्ष जडीबुटी संकलन गर्ने समय नजिकिँदै

**आदिवासी जनजातिको जल, जमिन र जंगलसँग अन्योन्याश्रित सम्बन्ध रहेको छ। प्रकृतिसँगको समीपमा रहेर वातावरण संरक्षण गर्ने मुगुम आदिवासी जनजातिको आफ्नै परम्परागत पद्धति छ।**



फोटोः उर्गेन मुगुम

जडीबुटी संकलन गर्ने समय नजिकिँदै गर्दा हरेक परिवारबाट एक-एक जना युवा यस कार्यको लागि परिचालित गराइन्छ। जडीबुटी संकलनबाट लाभ मुगुमले मात्र नभएर जडीबुटी संकलन गर्न आउने सुर्खेतदेखि गोरखासम्मका धेरै जिल्लाका जनताले र राज्यले पनि प्राप्त गरिरहेको छ।

तर यसपालि लकडाउनले गर्दा वार्षिक रूपमा गरिने जडीबुटी निरीक्षण र संरक्षण गर्न संभव भएन । काठमाडौं र जुम्लाबाट यसतर्फ आउँदै गरेका मुगुमहरू क्वारेन्टिनमै रोकिएका छन् भने गाउँमै भएका थोरै युवाहरूबाट सो कार्य सहज रूपमा हुन सक्दैन। मुगुम युवा पेमा टासी भन्छन्, 'वनमा चोरहरू (अवैध रूपमा अन्य ठाउँदेखि आएका मान्छेहरू) पसिसकेका छन् र चोरहरू पसेर बर्बाद गरेको हल्ला छ । यसपालि हामी गाउँलेहरू जान ढिलो भइसक्यो, कहिले जान पाइन्छ भन्ने ठेगान पनि छैन।

काठमाडौं र जुम्लाबाट आएकाहरू १४ दिन क्वारेन्टिनमा बस्नुपर्छ रे, गाउँमा अगाडि आउने हामी युवाहरू थोरै छौं ।' उनी थप्छन्, 'पहिला हामी ३-४ समूह बनाएर कोही खे (सिरनचौर), कोही ठूलो कोगी , सानो कोगी, कोही छापाखोला जान्थ्यौं। छापाखोलाको लेक ठूलो र जोखिमपूर्ण छ । जुम्लाको चौदबिसे, डोल्पा, डोल्फु चरण क्षेत्रबाट त्यता लकडाउन खुला भएकोले चोरहरू हातहतियार लिएर आउँछन्। हामी यति थोरै जना कसरी जाने ? गाउँबाट ७ दिन लाग्छ लेक पुग्न। अब घर हेर्ने कि चोर समात्न जाने ? ।'

**काठमाडौं र जुम्लाबाट आएकाहरू १४ दिन क्वारेन्टिनमा बस्नुपर्छ रे, गाउँमा अगाडि आउने हामी युवाहरू थोरै छौं ।' उनी थप्छन्, 'पहिला हामी ३-४ समूह बनाएर कोही खे (सिरनचौर), कोही ठूलो कोगी, सानो कोगी, कोही छापाखोला जान्थ्यौं । छापाखोलाको लेक ठूलो र जोखिमपूर्ण छ ।**

गर्दा नजिकका गाउँ र जिल्लाहरूबाट मुगुमा अवैध रूपमा संकलन गर्न धेरै मानिसहरू आउने गर्दछन् । यसरी आउने मानिसहरूले ज्यादै लापरवाहीका साथ लेकतिरका साना रूख तथा धुपीका बुटानहरू नष्ट गर्ने भएका कारण त्यहाँ बाढी तथा हिमपहिरोको खतरा पनि बढ्ने गर्दछ। यिनीहरूले खुल्ला रूपमा विचरण गर्ने हिमाली वन्यजन्तु याकको शिकार समेत गर्ने गर्दछन् । यसरी यिनीहरूले प्राकृतिक वातावरण र वन्यजन्तुको नाश गर्दै जडीबुटी संकलन गर्ने भएकाले पछि आउनेहरूलाई जडिबुटीहरू पाउनै गाह्रो हुन्छ।

यस्ता अवैध कार्यहरूविरुद्ध सुरक्षा प्रदान गर्ने जिम्मा मुगुम युवाहरूको हुन्छ । हरेक वर्ष

त्यसैगरी मुगुम महिलाहरू धेरै पहिलेदेखि घरेलु तथा साना उद्योग एवं परम्परागत ज्ञान, सीपमा आधारित व्यवसाय जस्तै रक्सी उत्पादन तथा बेचबिखन गर्दै आएका छन् । उनीहरू यसैको कमाइबाट घरबार चलाइरहेका छन्। लकडाउन कडा हुँदै गर्दा रक्सी किनबेच पनि घट्दै गइरहेको छ। अहिले दैनिक खर्चको लागि मुगुमहरू निकै कठिन अवस्थामा छन् । मुगाली महिला खाडो लामा भन्छिन्ः 'गाह्रो छ नि अहिले । बाहिर निस्कन दिएको छैन, निस्किएको देख्यो भने पुलिसले लठ्ठी चलाउँछ। एक महिना काम नहुँदा खाना लाउन धौधौ भइसक्यो।'

त्यसैगरी जुम्ला र काठमाडौं बस्ने मुगुम आदिवासी जनजातिको छुट्टै दुःख छ । काम, मौसम र असुविधाका बाध्यताले आफ्नो घर छोडी जुम्ला, काठमाडौंतिर शिक्षा र अवसरको खोजीमा आएका मुगालीहरू अहिले घर फर्कन नपाएर अल्झिरहेका छन् । लकडाउनका कारण सामान्य यातायात पाउन सम्भव नभएको र काम नहुँदा काठमाडौंमा बस्न पनि नसकेको अवस्था छ। सरकारी निकायहरूमा व्यक्तिगत पहुँच नहुँदा स्थानीय तहले व्यवस्था गरिदिएको निःशुल्क गाडी सेवाबाट समेत उनीहरू बञ्चित छन् ।

काठमाडौंमा पढ्दै गरेका एक मुगुम विद्यार्थी टासी तोपग्याल भन्छन्, "घर जान त मन छ, तर गाडी कहाँ के भन्ने खबर नपाउँदा जान पाइएन। जिल्ला तथा नगरपालिकाको निःशुल्क गाडी थियो रे तर हामीलाई खबर नै भएन। भित्रभित्रै आ–आफ्नो चिनेकाहरूलाई पठाएका रहेछन् । पैसा तिरेर मुगु जान समेत गाह्रो थियो, यताबाट गाडी चढे पनि पास नभएसम्म जान पाइँदैन । फेरि पास कहाँबाट लिने थाहा पनि छैन । मुगु पुगिसकेका विद्यार्थीहरूलाई पनि गाह्रो छ । बत्ती, इन्टरनेट केहि छैन यता अनलाईन क्लास सुरू भइसक्यो, गाउँतिर त नेटवर्क पनि राम्रो छैन।"

हिउँदमा तलतिर झर्ने र गर्मीमा फेरि मुगु गाउँ फर्कने मुगुम आदिवासी तातो बढ्दै गर्दा आफ्ना बस्तुभाउ जस्तै घोडा, याक, चौरी लिएर गाउँ फर्कने गर्दछन्। तर लम्बिँदै गएको लकडाउनको कारण मुगुमहरू जुम्लामै बस्न बाध्य भएका छन् । जहाँ काम र कमाई नहुँदा उनीहरूलाई आफ्नो परिवारको पेट पाल्न धौधौ भइरहेको छ। मुगुमहरू जुम्लामा बस्दै आएतापनि जुम्ला आफ्नो पुर्ख्यौली थातथलो नभएका कारण उनीहरूलाई आफ्ना बस्तुभाउ खुला चराउने अधिकार छैन।

काठमाडौंबाट घर फर्किएका मुगालीहरू जसोतसो गरी जुम्लासम्म पुगेतापनि मोटरबाटोको अभावमा आफ्नो गाउँ ७ दिन हिँडेर पुग्नुपर्ने वाध्यता छ। तर लकडाउनका कारण उनीहरू जुम्लामा अलपत्र परेका छन् भने जुम्लाबाट बस्तुभाउसँगै लिएर गाउँ हिडेकाहरू गुर्चिलेकसम्म पुगेता पनि त्यहाँ रारा राष्ट्रिय निकुञ्ज पर्ने भएकोले रोकिनु परेको अवस्था छ । गाउँलेहरूलाई काम, व्यवसाय नभएपनि गाउँघरको खेती अन्नले केही समयको लागि पुग्थ्यो तर अहिलेको समयमा गाउँ नपुग्दा त्यै खेतबारी पनि बाँझो हुने चिन्ताले उनीहरूलाई सताइरहेको छ।

धेरै पहिले नै अवसरको खोजीमा भारतको मनालि, हिमाञ्चलतिर विस्थापित भएका मुगुमहरू हिउँद सकिँदै गर्दा चाडपर्व मनाउन र इष्टमित्र भेट्न नेपाल आउने चलन छ तर अहिलेको अवस्थाले उनीहरूको जीवनमा पनि नकारात्मक प्रभाव परेको छ।

काठमाडौंको गुम्बामा अध्ययन गर्ने एक विद्यार्थी कर्मा सोनाम जसको परिवार भारतको मनालिमा बस्दै आएका छन्, उनी परिवार भेट्न भनी मार्च २२ मा भारतको दिल्ली पुग्दा भीड धेरै भएका कारण दिल्लीको एयरपोर्टमै १२ घण्टा रोकिनुपरेको अनुभव सुनाउँछन् ।

यसरी देशमा लकडाउन लम्बिँदै जाँदा मुगालीहरूको दैनिक जीवन पनि संकटग्रस्त बन्दै गइरहेको छ। भन्नका लागि त राज्यले अभावग्रस्त जनताका लागि राहत वितरण गरिरहेका छन् तर मुगुम जातिलाई भने राहत प्राप्त गर्न सजिलो छैन । अति पछाडि पारिएका मुगुम आदिवासी जनजातिको राज्य, सरकार र सरोकारवाला निकायहरूमा कहिँ पनि पहुँच छैन । संख्यामा पनि कम र सूचनामा पनि कमजोर मुगुमहरूलाई राज्यले हेर्ने दृष्टिकोण उनीहरूको वास्तविक अवस्था भन्दा निकै फरक छ । काठमाडौंमा बस्ने केही मुठीभरिका सम्पन्न मुगालीहरूलाई हेरेर राज्य र बाहिरी समुदायले मुगुमको पहिचान कोर्ने गरेको हुँदा उनीहरूको वास्तविक अवस्था अझैसम्म बाहिर आउन सकेको छैन।

मुगुम कार्मारोङ गाउँपालिका वडा नं २ का अध्यक्ष भन्छन्, 'लकडाउन भएको यत्तिका समय बित्दा पनि अहिलेसम्म राज्यबाट राहतको त कुरै छोडनुस् थोरै केही सहयोग पनि प्राप्त गर्न सकेका छैनौं । यो कठिन समयमा हामी समुदायको मान्छेहरू आफै खटी समुदायमा पुगे नपुगेको जोहो गरिरहेका छौं। राज्यलाई राहतका लागि हामी निकायमा भएकाहरू मिलेर पहल त गरेका छौं, दिने कुरा पनि भएको छ तर कहिले कति पाउने भन्ने टुङ्गो छैन।'

चेतनाको अभाव र थोरै जनसंख्या भएको कारणले मुगालीहरूप्रति राज्य र अन्य निकायहरूको नजर पर्न नसकेको बताउँदै नेपाल आदिवासी जनजाति महासंघ सचिवालयका सचिव सोनाम याङ्की मुगाली भन्छन्, 'हामी आदिवासी जनजाति त्यसमा पनि विशेषगरी मुगुम आदिवासी जनजातिलाई हाम्रा आफ्ना अधिकार के हुन् र हामीले सरकारी सेवा सुविधामा कसरी पहुँच बनाउने भन्ने कुरा नै थाहा छैन।

पुनर्स्थापना आयोगको डाटाले हामी मुगुमको जनसंख्या ९०० भन्दा बेसी नभएको देखाएको छ । त्यस्तै हाम्रो बसोबास ११ गाउँमा मात्र भएको देखाएको छ। हामी अहिले एउटा वडामा मात्र सीमित भएका छौं । मुगुम जनजाति ५९ आदिवासी जनजातिमा सुचिकृत भएतापनि राज्यको डाटामा हामी न्यून छौं।'

विश्वव्यापी फैलिएको कोभिड–१९ ले विश्वलाई नै उथलपुथल बनाइदिएको छ र यसको प्रतिकूल असर नेपालमा पनि देख्न सकिन्छ। आदिवासी जनजाति र त्यसमध्ये पनि अति पछाडि पारिएका, थोरै संख्यामा रहेका सिमान्तीकृत हिमाली आदिवासी जनजाति मुगुम समुदायमा देशव्यापी लकडाउन विश्वव्यापी कोभिड–१९ को प्रभाव अझ व्यापक रूपमा देख्न सकिन्छ। राज्यले उनीहरूलाई वेवास्ता गर्नाले उनीहरूको जीवन कसरी थप कष्टकर भइराखेको छ भन्ने वास्तविकता फेरि यो संकटको घडीमा पुष्टि भएको छ। •

**काठमाडौंबाट घर फर्किएका मुगालीहरू जसोतसो गरी जुम्लासम्म पुगेतापनि मोटरबाटोको अभावमा आफ्नो गाउँ ७ दिन हिंडेर पुग्नुपर्ने वाध्यता छ। तर लकडाउनका कारण उनीहरू जुम्लामा अलपत्र परेका छन् भने जुम्लाबाट बस्तुभाउसँगै लिएर गाउँ हिंडेकाहरू गुर्चिलेकसम्म पुगेता पनि त्यहाँ रारा राष्ट्रिय निकुञ्ज पर्ने भएकोले रोकिनु परेको अवस्था छ।**

# तोक्पेगोला समुदायको
# प्रकृति-मैत्री जीवनशैली

■ डण्डु शेर्पा (ढोक्प्या)
वडा अध्यक्ष (मिक्वाखोला गाउँपालिका, पापुङ्ग-५)



फोटोः डण्डु शेर्पा (ढोक्प्या)

**उनीहरूको जन्मदेखि मरणसम्मका संस्कारहरू प्रकृतिसँग जोडिएका छन् । तोक्पेगोला समुदायको परम्परागत अभ्यास र धार्मिक–सांस्कृतिक प्रणालीलाई हेर्ने हो भने यो समुदायले प्रकृतिलाई देवताको रूपमा सम्मान गर्ने गर्दछन् ।**

**नेपालका ५९** सूचीकृत आदिवासी जनजातिमध्येको सानो संख्या भएको जाति तोक्पेगोला (ढोक्प्या) पनि हो। तोक्पेगोला समुदायको संस्कार, संस्कृति प्रकृतिमा निर्भर रहेको छ । उनीहरूको जन्मदेखि मरणसम्मका संस्कारहरू प्रकृतिसँग जोडिएका छन्। तोक्पेगोला समुदायको परम्परागत अभ्यास र धार्मिक–सांस्कृतिक प्रणालीलाई हेर्ने हो भने यो समुदायले प्रकृतिलाई देवताको रूपमा सम्मान गर्ने गर्दछन्। यो समुदायमा निहित परम्परागत ज्ञान र जीवन पद्वति हेर्दा, ती चीजहरू आधुनिक अवधारणा र प्राकृतिक स्रोत साधनहरूको दीगो प्रयोगमा आधारित छ भन्ने चर्चा यस लेखमा गरिएको छ।

तोक्पेगोला जातिको आफ्नो छुट्टै भाषा, धर्म, संस्कार, संस्कृति, रहनसहन र परम्परा छ । यो जातिको पुर्खौली थातथलो नेपालको सुदूरपूर्वी ताप्लेजुङ जिल्लाको मिक्वाखोला गाउँपालिका वडा नं. ४ र ५ तथा मेडदेन गाउँपालिका वडा नं. ५ को माथिल्लो भेगका पापुङ, सोनप, चाङ्गा, साङप क्षेत्रहरू हुन् । प्राकृतिक सम्पदाले भरिपूर्ण यो भेगमा बसोबास गर्ने यी आदिवासी जनजाति (ढोक्प्या) बौद्ध धर्मावलम्बी हुनुको साथै प्रकृतिपूजक पनि हुन्। तोक्पेगोला जाति नेपालको सुदूरपूर्वी जिल्लाको विकट क्षेत्रमा बसोबास गर्ने भएकोले उनीहरूको पहिचान नेपाल सरकारले उनीहरूलाई सूचीकरण गर्नु अघिसम्म प्रायः लुप्त अवस्थामा

नै थियो । नागरिकता प्रमाणपत्रमा समस्या रहेको कारण तोक्पेगोला जातिले आजसम्म पनि आफ्नो थर शेर्पा भनेर लेख्ने गर्छन् । तोक्पेगोला समुदायको पोशाक नेपालको हिमाली क्षेत्रमा बसोबास गर्ने शेर्पा जातिसँग केही मात्रामा मिल्न जान्छ । तर भाषा, संस्कार, संस्कृति, रहनसहन र परम्परा भने फरक छ ।

नेपालको राष्ट्रियतासम्बन्धी पहिलो कानून बि.सं. २०२० मा नेपाल नागरिकता ऐन, २०२० ल्याइयो । नेपाल नागरिकता ऐन २०६३ आउँदा सम्म तोक्पेगोला समुदायको शैक्षिक योग्यता शुन्य जस्तै थियो । उनीहरूको लागि नेपाली भाषा बोल्न जान्नु भनेको अहिले अंग्रेजी भाषा बोल्न जान्नु जस्तै कठिन थियो । त्यस्तो अवस्थामा नेपालको नागरिकता फारम भर्न जान्ने अवस्था थिएन । त्यो बेला उनीहरूको फारम जिल्ला सचिवले भरी दिने भएकोले उनीहरूको पोशाक हेरेर तोक्पेगोला जातिको नामको पछाडि शेर्पा लेखिदिने जस्ता काम भए । धेरै जस्तो महिलाहरूको नागरिकता प्रमाणपत्रमा शेर्पीनी लेखेर महिलाको आत्मसम्मानलाई होच्याउने जस्ता काम राज्यले गरेको देखिन्छ ।

तोक्पेगोला जातिको पुर्ख्यौली पेशा कृषि, जडीबुटी र कन्दमूल संकलन, याक, भेडा र चौरी पालन हो । यस जातिका मानिसहरूले पछिल्लो समयमा आएर चीनसँग हिमाली जडीबुटीको व्यापार गर्न थालेका छन् भने भारतसँग अलैंचीको व्यापार । प्राकृतिक स्रोतसाधनहरूको प्रयोग गरी तोक्पेगोला जाति जीवनयापन गर्ने समुदाय हो । आफ्नो पुर्ख्यौली थातथलोमा भएका प्राकृतिक स्रोत साधनहरूको संरक्षण यो जातिले आफ्नै परम्परागत ज्ञान र सीपको माध्यमबाट गर्ने गरेका छन् । तोक्पेगोला जातिको परम्परागत मान्यता अनुसार प्रकृतिलाई असर पर्ने काम वा प्रकृति विपरितका कुनै पनि कार्य गर्नु हुँदैन । यदि यसो गरेमा प्रकृतिले त्यसको सजाय स्वरूप समाजमा प्राकृतिक विपत्ति आउने, समाजमा महामारी फैलने गर्दछ । हालै फैलिएको कोभिड–१९ महामारीलाई पनि यस समुदायले यसैको उदाहरणको रूपमा लिने गर्दछ ।

तोक्पेगोला जातिको मान्यता अनुसार मानवले विकासको चरम सीमामा पुग्ने क्रममा प्रकृतिको वेवास्ता गर्दै समाजको मूल्य मान्यतालाई कुल्चदै विकास गरेकोले आज पृथ्वीले धान्न नसक्ने वातावरण प्रदूषण भएको छ । सोही प्रदूषणको कारण हामीले धेरै खालका महामारी, सामाजिक र वातावरणीय समस्या झेल्नु परेको छ । यस्ता खालका समस्याले विश्वव्यापी रूपमा नकारात्मक प्रभाव पारेको छ र वातावरण प्रदूषणको प्रत्यक्ष प्रभाव तोक्पेगोला जस्तो जंगल, नदी किनार र हिमालको छेउमा बस्ने आदिवासी जनजातिलाई

**तोक्पेगोला जातिको परम्परागत मान्यता अनुसार प्रकृतिलाई असर पर्ने काम वा प्रकृति विपरितका कुनै पनि कार्य गर्नु हुँदैन । यदि यसो गरेमा प्रकृतिले त्यसको सजाय स्वरूप समाजमा प्राकृतिक विपत्ति आउने, समाजमा महामारी फैलने गर्दछ । हालै फैलिएको कोभिड–१९ महामारीलाई पनि यस समुदायले यसैको उदाहरणको रूपमा लिने गर्दछ ।**

पर्दछ, जबकि तोक्पेगोला जातिको प्रकृतिलाई क्षति पुऱ्याउने गतिविधिमा कुनै योगदान रहेको हुँदैन । यो जातिको भेषभूषादेखि लिएर संस्कार संस्कृति, परम्परा र मूल्यमान्यता हरेक कुरा प्रकृतिमैत्री हुन्छ । यस समुदायका अग्रजहरूका अनुसार प्राकृतिक प्रेम र प्राकृतिक संरक्षण गर्ने कुरा किताबी शिक्षाबाट मात्र पूर्ण हुन सक्दैन । त्यसका लागि समुदायको सामाजिकीकरणको महत्वपूर्ण भूमिका हुन्छ ।

तोक्पेगोला जातिको हरेक व्यक्तिले बाल्यकालदेखि नै, सामाजिकीकरणको शुरुवाती चरणदेखि नै प्रकृतिको संरक्षणबारे जानीबुझी आएको हुन्छ । उदाहरणका लागि तोक्पेगोला जातिको गे-लाहाप्सो परम्परा । यो परम्परा धार्मिक आस्थासँग जोडिएको छ । यस परम्परामा तोक्पेगोला जातिले प्रकृतिलाई देवताको रूपमा मान्ने गर्दछ । यस परम्परा अनुसार प्रकृति र भूमि भनेको उनीहरूको अन्नदाता हो । प्रकृति र भूमि विना जीविकोपार्जन असम्भव भएकोले फलेको अन्न सर्बप्रथम उनीहरूको कुलदेवता अर्थात् प्रकृतिलाई अर्पण गरी पूजा गर्ने गरिन्छ र आगामी वर्षमा पनि कुनै पनि प्राकृतिक विपत्ति विना नै राम्रो अन्नको उब्जनी होस् भनी प्रकृतिलाई धन्यवाद दिदैं समुदायको रक्षा गर्न प्रार्थना गरिन्छ ।

तोक्पेगोला समुदायले प्रकृतिको पूजा गर्ने मात्र नभई आफ्नो परम्परा अनुसार प्राकृतिक स्रोत साधनहरूको व्यवस्थापन पनि गर्ने गर्दछन् । जस्तै, पानीको मुहान र सिमसार वरिपरि फोहोर नगर्ने, रुख विरुवाको नाश नगर्ने, जंगलको काठबाट आफ्नो घरको निर्माण र पशुपन्छीलाई नधपाउने कार्यहरू । उनीहरूमा यदि पानीको मुहान चलाएमा पानीको मुहान सुक्ने र विरामी हुने मान्यता छ । यो जातिले आफ्नो कुलदेवता (फोल) को रूपमा यसै क्षेत्रमा रहेको प्राकृतिक सोदु पोखरीलाई मान्ने गर्दछ ।

बौद्ध धर्मको तिथि अनुसार छैठौं महिनाको चौथी अर्थात् नागपञ्चमीको दिन डुक्पा छेजीको दिन त्यस पोखरीमा ल्हाप्साङ पूजा गर्ने गरिन्छ । उक्त पोखरीमा धुपधुवारा गरी गाउँको भलो तथा शुभ होस् भनी कामना गरिन्छ । कुलदेवता सोदु पोखरी वरिपरि रहेका वनजंगल बोटविरूवा काट्ने, नष्ट गर्ने, पोखरीमा फोहोर फाल्ने कार्य गरेमा देवता रिसाइ गाउँमा अनिष्ट हुन्छ भन्ने परम्परागत भनाई छ ।

कुलदेवता रिसाउनेलाई उनीहरूको भाषामा 'फदुप' भन्ने गरिन्छ । यो जातिको परम्परागत ज्ञानमा कुनै पनि प्राकृतिक रूपले बनेको प्राकृतिक स्रोतहरू जस्तै, प्राकृतिक ढुङ्गा, पहाड, नदी नाला, सिमसार र जंगल आदिलाई चलाउनु हुन्न । यदि हामीले प्राकृतिक रूपमा बनेको ढुङ्गा समेतलाई चलाएमा तोक्पेगोला जातिले मान्ने देवता



फोटोः डण्डु शेर्पा (ढोक्प्या)

**तोक्पेगोला समुदायको यस्ता वातावरण संरक्षणको अभ्यासहरूको दस्तावेजीकरण, पुस्ता हस्तान्तरण गर्न जरूरी छ । राज्यका सम्बन्धित निकायहरूले यस्ता अभ्यास संरक्षण प्रबर्द्धनको लागि पहल गर्नुपर्दछ ।**

रिसाउँछ र यो जातिले पूजा गर्ने पोखरी, खोलानाला र सिमसार नजिक ठूलो स्वरले आवाज गर्न नहुने र ठूलो ढुङ्गा लडाई त्यहाँ ध्वनी प्रदूषण गर्न नहुने भन्ने मान्यता रहिआएको छ । यस्ता अभ्यासले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा वन्यजन्तुलाई ध्वनी प्रदूषणबाट बचाउने गर्दछ र पर्यावरणलाई पनि कुनै असर गर्दैन । तर नेपाल सरकारको सडक विस्तार आयोजना र विकासे कम्पनीहरूले जतातत्तै डोजर चलाएको छ । ब्लास्टिंग गरी पहाडहरूको पर्यावरणलाई विथोलेको छ । सरकारले तोक्पेगोला जातिको भूमि सडक निमार्ण गर्ने नाममा क्षतिपूर्ति नदिई अतिक्रमण गरेको छ । यो जातिको पुर्ख्यौली थातथलोमा यस्तो निमार्ण कार्य गर्न अघि तोक्पेगोलासँग स्वतन्त्र, अग्रिम जानकारीसहितको मञ्जुरी प्रक्रिया पूरा गरेको छैन ।

तोक्पेगोला समुदायको आफ्नै प्रचलन अनुसार वातावरण संरक्षणका लागि सामुदायिक परम्परागत नियम पनि छ । यस जातिले घाँसपात गर्दा पनि समाजको नियम अनुसार गर्नुपर्ने हुन्छ । जस्तै, हरियो घाँस काट्न नपाउने र निश्चित समयमा समाजको अनुमति प्रदान भएपछि मात्र घाँस काट्न पाउने नियम लगाएको छ र समाजले घाँस पहेंलो भएपछि मात्र काट्न अनुमति दिने गरेको छ । चौरीपालन गर्दा पनि एकै ठाउँमा लामो समयसम्म गोठ राखिदैंन । समय समयमा खर्क परिवर्तन गरिरहने गरिन्छ ।

यसरी तोक्पेगोला समुदायले प्रकृतिको संरक्षण गर्दै आफ्नो जीवनयापन गर्ने गरेको छ र वातावरणमा हुने प्रदूषण न्यूनीकरणको परम्परागत उपायहरू अभ्यास गर्दै आएको छ ।

तोक्पेगोला समुदायको यस्ता महत्वपूर्ण र वैज्ञानिक परम्परालाई राज्यले मान्यता नदिँदा र समाजमा मानिने आधुनिक सोचले यस्ता प्रचलन र अभ्यासलाई रुढीवादी सोचको संकेत दिँदा आज उनीहरूको प्रकृति संरक्षण, वनजङ्गल संरक्षण र वातावरण प्रदूषण न्यूनीकरणको परम्परागत अभ्यासहरू लोप हुने क्रममा रहेको छ ।

तोक्पेगोला समुदायको यस्ता वातावरण संरक्षणको अभ्यासहरूको दस्तावेजीकरण, पुस्ता हस्तान्तरण गर्न जरूरी छ । राज्यका सम्बन्धित निकायहरूले यस्ता अभ्यास संरक्षण प्रबर्द्धनको लागि पहल गर्नुपर्दछ ।

# कोरोनाको असर
# आदिवासी जनजातिमा झन् बेसी

■ डेनोक मोक्तान



फोटोः टुङ्ग भद्र राई

**कोभिड–१९ ले** विश्वको हरेक क्षेत्रमा चुनौती दिइरहेको अवस्थामा नेपालका आदिवासी जनजातिमा पनि यसको असर परेको छ। यस लेखमा यस महामारीले प्रदेश २ मा रहेका आदिवासी जनजातिमा परेको असरको बारेमा केही चर्चा गरिएको छ। नेपालको प्रदेश २ लाई तराई मधेस भनेर पनि चिनिन्छ। यसको उत्तरमा चुरे पहाड, दक्षिणमा भारत, पूर्वमा कोशी नदी र पश्चिममा नारायणी नदी रहेका छन्।

मुख्य भागमा पूर्व–पश्चिम राजमार्ग रहेको छ। यो राजमार्गलाई एउटा सीमारेखा जस्तो पनि मान्न सकिन्छ किनकी मुख्य राजमार्गदेखि उत्तरतिर विशेषगरी पहाडे मूलका आदिवासी जनजातिको बसोबास रहेको छ भने दक्षिणतिर तराई मूलका आदिवासी जनजातिको। उत्तरतिर चुरे पहाड रहेकोले त्यसैको फेदमा आदिवासी जनजातिको बसोबास रहेकोले उनीहरूको जल, जङ्गल र जमिनसँग विशेष सम्बन्ध रहेको छ। आदिवासी जनजातिको आफ्नो छुट्टै पहिचान भएकोले उनीहरूको सँस्कृति, भाषा, भेषभूषा रहनसहन र परम्परागत उपचार विधि तथा जडीबुटीबाट गरिने प्राकृतिक उपचार विधि पनि अरू जातजातिको भन्दा फरक छ।

तराई मधेसमा रहेका आदिवासी जनजातिको आर्थिक हैसियत त्यति राम्रो छैन। धेरै जसो कृषि, मजदुरी, पशुपालन र खेतीपातीमा आश्रित छन्। विशेष गरी भारत र विदेशबाट आएकाहरूको सही तथ्यांक संघ, प्रदेश र स्थानीय पालिकाहरू कसैसँग छैन। छ त अनुमान मात्रै। भारतसँगको खुल्ला सिमानाका कारण हामी अनुमान गर्न सक्छौं कि प्रदेश २ कोरोनाबाट कति असुरक्षित होला ?

कोरोना संक्रमितको जातिगत हिसाबले तथ्यांक अहिलेसम्म राखिएको छैन । विश्व स्वास्थ्य संगठन र अन्य देशहरूले सरकारी तथ्यांकमा रोग, जाति, धर्म र वर्ग हेर्दैन भन्ने तर्कका साथ कोरोना संक्रमितको जातीय विवरण गोप्य राखिने गरिएको छ। त्यति मात्र होइन सामाजिक लाञ्छना हुने सम्भावनालाई ख्याल गर्दै संक्रमितको परिचय सार्वजनिक गरिंदैन। यसबाट पनि कुन क्षेत्रका आदिवासीहरू कसरी प्रभावित भए भन्ने कुरा अन्योलको विषय बनेको छ र नेपालका आदिवासी जनजाति आबद्ध संघ संस्थाहरूले पनि यकिन तथ्यांकहरू संकलन गरेको पाइँदैन। कति कोरोनाबाट प्रभावित र कति बन्दाबन्दीको कारणबाट भोकभोकै प्रताडित हुन पुगेका छन् र कति जोखिममा छन् भन्ने तथ्यांक संकलन गरि भविष्यमा हुने क्षति र यसको दीर्घकालीन समाधानका उपायहरूको बारेमा छलफल हुनु अति नै जरुरी देखिन्छ।

कोरोना महामारीको रोकथाम तथा नियन्त्रणका लागि गरिएका बन्दाबन्दी बखत आदिवासी

**मुख्य भागमा पूर्व–पश्चिम राजमार्ग रहेको छ। यो राजमार्गलाई एउटा सीमारेखा जस्तो पनि मान्न सकिन्छ किनकी मुख्य राजमार्गदेखि उत्तरतिर विशेष गरी पहाडे मूलका आदिवासी जनजातिको बसोबास रहेको छ भने दक्षिणतिर तराई मूलका आदिवासी जनजातिको।**



फोटोः नवराज लामा

**कोरोना महामारीको रोकथाम तथा नियन्त्रणका लागि गरिएका बन्दाबन्दी बखत आदिवासी जनजाति, दलित समुदाय र विपन्न वर्गका कैयौं व्यक्ति परिवारहरू राज्यबाट दिइने स्वास्थ्य सेवाबाट बञ्चित हुन पुगेका छन् ।**

जनजाति, दलित समुदाय र विपन्न वर्गका कैयौं व्यक्ति परिवारहरू राज्यबाट दिइने स्वास्थ्य सेवाबाट बञ्चित हुन पुगेका छन् । त्यस्तै निजी स्वास्थ्य संस्थाहरूको चर्को उपचार शुल्कको कारण उनीहरूलाई कर्जा लिन र जायजेथा बेच्न बाध्य बनाइएको छ र परिणाम स्वरूप कतिपय अवस्थाहरूमा उनीहरू घरबारविहीन हुन पुगेका छन् । बन्दाबन्दीको कारण धेरै आदिवासी जनजातिलाई ऋणको भारी बोक्न बाध्य बनाइएको छ भने यसको मानसिक पीडा तथा आर्थिक असर धेरैपछिसम्म उनीहरूले भोग्नुपर्ने देखिन्छ । आफ्नै खेतबारीमा फलाएका तरकारी, फलफूल, अन्नबालीहरू सस्तोमा बेच्न उनीहरू बाध्य हुनुपरेको छ ।

राज्यले कुनै पनि क्षतिपूर्तिको व्यवस्था गरेको छैन । तराई मधेसमा आँप खेतीको लागि छुट्टै पहिचान रहिआएको छ । यस वर्ष कोरोनाका कारण बाध्य भएर किसानहरूले सस्तो दरमा आँप बेच्नुपर्‍यो जसबाट लागत मूल्य पनि उठेन । यो खेती मुख्यतः आदिवासी जनजाति समुदायहरूले बर्षौंदेखि गर्दै आएका छन् । यो एउटा पीडादायी उदाहरण मात्र हो । आदिवासीले परम्परागत रूपमा उत्पादन गर्ने जाँड रक्सी जसबाट उनीहरूले जीविकोपार्जन गर्दै आइरहेकोमा बन्दाबन्दीको समयमा पनि प्रशासनबाट भाँडा फुटाइदिने, रक्सी फालिदिने जस्ता कार्यहरूबाट यस्तो विषम परिस्थितिमा पनि आदिवासीले आफ्नो गरिखाने सीपबाट उनीहरूलाई बञ्चित गराइएको अवस्था छ ।

**राहतमा विभेद**

नेपालमा पनि बन्दाबन्दीको कारण सबै उद्योग व्यवसाय, यातायात, बजार, पसल, विद्यालय बन्द थिए । यसबाट दैनिक गुजारा चलाउन मजदुर, किसान, गरिब, असहायलाई ठूलो समस्या पर्‍यो । दिनदिनै भोकभोकै पर्ने अवस्था आउन थाल्यो । राहतमा पनि जनप्रतिनिधि, राजनीतिक पार्टीका नेता र कार्यकर्ताका नजिकका मान्छेहरूकै हाली मुहाली रह्यो भन्दा अत्योक्ति नहोला । धेरै आदिवासी जनजाति जसको कुनै पहुँच छैन उनीहरूले राहत पाएनन् ।

अधिकांश सामाजिक संघ संस्था एवं जातीय संस्थाहरूले आ–आफ्नो जातजाति, गाउँ, वडाबासी र परियोजनाको लक्षित समूहलाई मात्र राहत बाँड्ने काम गरे । यसरी राहत वितरण कार्य भेदभावपूर्ण रह्यो । स्थानीय निकायले राहतलाई एकद्वार प्रणालीमार्फत् वितरण गर्न सक्थ्यो, जुन हुन सकेन ।

**नेपाल आदिवासी जनजाति महासंघ**
**जलवायु परिवर्तन साझेदारी कार्यक्रम**
महाराजगञ्ज, काठमाडौं, नेपाल, फोनः– ९७७–१–४४१५३७६, इमेलः info@nefinclimatechange.org
वेवसाइटः www.nefinclimatechange.org
साझेदार : AIPP
सहयोग : Sida